# हुप्सेकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झ्यालबास, नवलपरासी (व.सु.पूर्व)
गण्डकी प्रदेश, नेपाल
स्थापना २०७३

चलानी नम्बर – १९८१
पत्र संख्या – ०७६/०७७

मिति:२०७७/०३/०२

## सार्वजनिक सूचना

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०२/२८ को निर्णय प्रभावकारी रुपमा कार्यान्वयन गर्नु/गराउनु हुन भनी गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा) को च.न.४१६० मिति २०७७/०२/३० को पत्र बमोजिम जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पू) को च.न. ३६८० मिति २०७७/०२/३० मा जारी गरिएको सूचना सबैको जानकारीको लागि प्रकाशित गरिएको छ। व्यहोरा सोही सूचनाबाट अवगत गर्नु भई प्रभावकारी रुपमा निर्णयहरु कार्यान्वयन गर्नु/गराउनु हुन अनुरोध छ ।

२०७७/०३/०२
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ
जिल्ला प्रशासन कार्यालय नवलपरासी (ब.सु.पू)

नेपाल सरकार
गृह मन्त्रालय
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com
# जिल्ला प्रशासन कार्यालय
नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
कावासोती

पत्र संख्या : ०७६/७७

मिति २०७७/०२/३०

## सूचना

कोभिड-१९ को संक्रमण रोकथाम एंव नियन्त्रणका सन्दर्भमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७।०२।२८ को निर्णय कार्यान्वयन गर्न/गराउन संक्रमण रोग ऐन, २०२० को दफाँ २ अनुसार देहाय बमोजिम गर्नु/गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. देहाय बमोजिमका सेवा र कार्यहरु हाललाई सञ्चालन नगर्ने

क. शैक्षिक संस्थाहरु (विद्यालय/कलेज/ट्युसन सेन्टर/तालिम केन्द्र)

ख. अनुमती प्राप्त बाहेकका अन्तराष्ट्रिय तथा आन्तरिक उडानहरु

ग. तोकिएबाहेकका अन्तराष्ट्रिय सीमा नाकाबाट हुने आवतजावत

घ. सबै प्रकारका सभा,गोष्टी, तालिम, सेमिनार

ङ. सबै प्रकारका प्रदर्शन, भेला तथा सम्मेलन

च. सिनेमा हल, पार्टि प्यालेस, डान्सबार लगायतका मनोरञ्जन स्थल

छ. सार्वजनिका पुस्तकालय, सङग्रहालय, चिडियाखाना

ज. स्पा, सैलुन तथा व्युर्टी पार्लर

झ. स्विमिङ पुल, जिमखाना लगायत हेल्थ क्लब

ञ. सपिङ मल

ट. समूहमा खेलिने खेलकुद र खेलमैदानमा हुने प्रस्तुती

ठ. सबै प्रकारका धार्मिक तथा सामाजिक स्थल

ड. यात्रुबाहक सार्वजनिक सवारी साधनसवारी (पर्यटक सवारी सान समेत)

ढ. नवलपरासी (ब.सु.पू.) जिल्लाको हकमा यस जिल्ला भित्र मात्र जोर बिजोर प्रणालीमा सञ्चालन हुने निजी सवारी साधन बाहेक अन्य निजी सवारी साधन

२. दुई मिटरको सामाजिक दुरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने गरी देहायबमोजिमका सेवा र कार्यहरु सञ्चालन गर्ने ।

क. स्वास्थ्यसंग सम्बन्धित सबै सेवा (निजी क्लिनिकसमेत)

ख. सबै प्रकारका कृषि र पशुपन्छी व्यवसाय ( उत्पादन देखि बिक्री वितरणसम्मका सबै श्रृङखला)

प्रशासकिय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
प्र.जि.अ: ०७८-५४०७९९
०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
कावासोती

पत्र संख्या : ०७६/७७

ग. उद्योग, व्यापार, व्यवसाय, पसल डिपार्टमेन्ट स्टोर

घ. सबै प्रकारका ढुवानी

ङ. पैदल आवगमन

च. साइकल र मोटरसाइकल ( चालक मात्र रहने गरी )

छ. नवलपरासी (ब.सु.पू.) जिल्लाको हकमा जोर गतेका दिन जोर नम्बर भएका निजी सवारी साधन र बिजोर गतेको दिन बिजोर नम्बर भएका निजी सवारी साधन संचालन गर्न पाइने तर सवारी साधनमा चालक बाहेक थप दुई जना सम्म मात्र यात्रा गर्न सकिनेछ ।

ज. फोहोरमैला व्यवस्थापन

झ. विद्युत, दमकल, एम्बुलेन्स, सञ्चार तथा प्रसारण हुलाकसम्बन्धी सेवा

ञ. बैक तथा वित्तीय संस्था, सहकारी र बीमा सेवा

ट. नर्सरी र वनजन्य उद्यम

ठ. विकास आयोजना (निजी क्षेत्रबाट प्रवर्द्धितसमेत)

ड. निर्माण कार्य (निजीसमेत)

ढ. नदी तथा खानीजन्य पदार्थ उत्खनन संकलन, ढुवानी र विक्रि वितरण

ण. रेष्टुरेन्टबाट हुने प्याकिङ तथा टेक अवे सेवा

त. क्वारेन्टिनका लागि तोकिएको होटल र यातायातका साधन

थ. सरकारी कार्यालय, शिक्षण संस्थाका कार्यालय, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय र बैक तथा वित्तीय संस्थाहरु (बिहान ८ बजेदेखि दिउसो १ बजेसम्म र दिउसो १ बजेदेखि साझ ६ बजेसम्म दुई सिफ्टमा संचालन गर्ने ।

द. सार्वजनिक तथा जोर बिजोर प्रणालीमा संचालन हुने गरी सेवा प्रद्रायक कार्यालयका श्रमिक तथा कर्मचारी ओसारपसार गर्न प्रयोग गरिने सवारी साधन (सीटको एक लहरमा एक जना यात्रु मात्रै राखे , सबै यात्रुले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने, सवारी साधनलाई दैनिक निसंक्रमित गर्ने)

तर यो सूचनाको क्रमसख्या २ को खण्ड (ञ), (थ) र (द) बमोजिमको व्यवस्था २०७७ असार १ गतेदेखि मात्र प्रारम्भ हुने र अन्य व्यवस्था तत्काल प्रारम्भ भई २१ दिनसम्म रहनेछ । परिस्थितिको समीक्षा एवं संक्रमणको जोखिम विश्लेषणका आधारमा उल्लेखित व्यवस्थामा आवश्यक हेरफेर एवं थपघट गर्न सकिनेछ ।

प्रशासकिय अधिकृत